# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत २२ गते २०३३ साल

### सर्वोच्च अदालतको
### सूचना

श्री सर्वोच्च अदालतले बनाएको तल लेखिएबमोजिमको कानून व्यवसायी (पहिलो संशोधन) नियमावली, २०३३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

कानून व्यवसायी (पहिलो संशोधन)
नियमावली, २०३३

कानून व्यवसायी नियमावली, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कानून व्यवसायी ऐन, २०२५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायको नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "कानून व्यवसायी (पहिलो संशोधन) नियमावली, २०३३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. कानून व्यवसायी नियमावली, २०२५ को नियम ४ मा संशोधन: कानून व्यवसायी नियमावली २०२५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उप-नियम (१) मा रहेको रू. ५।– भन्ने शब्द र अङ्कको सट्टा रू. ५०।– भन्ने शब्द र अङ्क राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छ :–

(३) कानून व्यवसायीले पक्ष विपक्षबाट प्राप्त दस्तूर बापत रीत पूर्वकको भरपाई गरी दिई त्यसको अभिलेख राख्नुपर्छ।

४. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को खण्ड (क) मा रहेको "कालो गाउन, सेतो ब्रायण्ड" भन्ने शब्दहरू झिकिएका छन्।

५. मूल नियमावलीको नियम ११ मा संशोधन: मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छ।

११. लिखित परीक्षा: सर्वोच्च अदालतबाट लिइने कानून व्यवसायीहरूको परीक्षाको पाठ्यक्रम, दस्तूर तथा तत्सम्बन्धी कुराहरू देहायबमोजिम हुनेछ:–

(क) पाठ्यक्रम: अधिवक्ता, अभिवक्ता र अभिकर्ताको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची ४ मा तोकिएबमोजिम हुनेछ।

स्पष्टीकरण: सम्बन्धित पाठ्यक्रमको निमित्त तोकिएको ऐन कानून भन्नाले परीक्षा शुरू हुनुभन्दा ६ महीना अघिसम्म भएको संशोधन वा खारेजीसमेत परेको सम्झनुपर्छ।

(ख) परीक्षा दस्तूर: देहायका परीक्षाका लागि देहायबमोजिमको परीक्षा दस्तूर लाग्नेछ :–

(१) अधिवक्ताको लागि लिइने परीक्षाको लागि रू. २००।–

(२) अभिवक्ताको लागि लिइने परीक्षाको लागि रू. १५०।–

(३) अभिकर्ताको लागि लिइने परीक्षाको लागि रू. १००।–

(ग) परीक्षा फाराम: अधिवक्ता वा अभिवक्ता वा अभिकर्ताको लागि लिइने परीक्षामा सम्मिलित हुन चाहने व्यक्तिले सर्वोच्च अदालतबाट तोकिएबमोजिमको फाराम भर्नु पर्नेछ। उक्त फाराम सर्वोच्च अदालत वा अन्य अदालतबाट रू. १०।– तिरी प्राप्त गर्न सकिनेछ।

(घ) खण्ड (ख) र (ग) मा उल्लेख भएबमोजिमका परीक्षा दस्तूर वा फाराम बापत प्राप्त रकम सर्वोच्च अदालतबाट छुट्टै धरौटी खाता खोली राखिनेछ र यसरी सञ्चित रकमबाट परीक्षासम्बन्धी व्यवस्था सञ्चालन गर्दा लाग्ने खर्च गरिनेछ।

(ङ) परीक्षास्तर: देहायका परीक्षाका लागि देहायबमोजिम परीक्षास्तर कायम गरिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) अधिवक्ताको लागि लिइने परीक्षास्तर कानून स्नातक सरह।

(ख) अभिवक्ताको लागि लिइने परीक्षास्तर कानून प्रमाणपत्र सरह।

(ग) अभिकर्ताको लागि लिइने परीक्षास्तर एस. एल. सी. सरह।

(च) योग्यता: ऐनले तोकेबमोजिमको योग्यता नभई कुनै पनि व्यक्ति खण्ड (ङ) बमोजिम लिइने परीक्षामा सम्मिलित हुन पाउने छैन।

(छ) खण्ड (ङ) बमोजिम लिइने परीक्षाको मिति, कार्यक्रम र स्थान सर्वोच्च अदालतले सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ।

(ज) परीक्षामा उत्तीर्ण हुन चाहिने अङ्कः परीक्षामा उत्तीर्ण हुन देहाय-बमोजिमको अङ्क तथा पूर्णाङ्क कायम गरिएको छ :–

(१) अधिवक्ताको लागि लिइने परीक्षाको लागि प्रत्येकपत्रमा ४५% प्रतिशत अङ्क प्राप्त गरी जम्मा पूर्णाङ्कको ५०% प्रतिशत हुनु पर्दछ।

(२) अभिवक्ताको लागि लिइने परीक्षाको लागि प्रत्येकपत्रमा ४०% प्रतिशत अङ्क प्राप्त गरी जम्मा पूर्णाङ्कको ४५% प्रतिशत हुनु पर्दछ।

(३) अभिकर्ताको लागि लिइने परीक्षाको लागि प्रत्येकपत्रमा ३५% प्रतिशत अङ्क प्राप्त गरी जम्मा पूर्णाङ्कको ४०% प्रतिशत हुनु पर्दछ।

(झ) परीक्षा सम्बन्धित अन्य व्यवस्था: कानून व्यवसायी परीक्षासम्बन्धी अन्य आवश्यक व्यवस्था सर्वोच्च अदालतले गर्नेछ।

६. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ :–

"१३. नैतिकताको ख्याल राखी आचरण गर्नुपर्ने: (१) कानून व्यवसायीले नैतिकताको आधारभूत सिद्धान्तको प्रतिकूल हुने गरी कुनै कार्य गर्न हुँदैन।

(२) देहायबमोजिमको आचरण पालना गर्नु प्रत्येक कानून व्यवसायीको कर्तव्य हुनेछ:–

(क) झुट्ठा मुद्दा चलाउन वा चलाउने प्रेरणा दिनु हुँदैन।

(ख) मुद्दा टुंग्याउने प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्न हुँदैन।

(ग) न्यायिक प्रक्रियालाई दुरूपयोग गर्नु वा गराउनु हुँदैन।

(घ) सत्य कुराको बयान वा बकपत्र गर्न गराउनबाट रोक्न वा सल्लाह दिन हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) न्याय प्रशासन अदालत वा न्यायाधीशको अपमान हुने वा हुन सक्ने वा निराधार कुरा गर्न हुँदैन ।

(च) लिनखान पाउने दस्तूर बाहेक ठेक्का, सम्झौता वा अन्य कुनै रूपबाट बहस पैरवी वा पूर्पक्ष निमित्त मुद्दा लिनु हुँदैन र मुद्दा जिते बापत कुनै प्रकारको इनाम वा पुरस्कार लिन हुँदैन ।

(छ) आफूले जिम्मेवारी लिई सकेको मुद्दा नभ्याउने वा नसक्ने अवस्था भए ब्रीफ र प्लिडिङ्ग इन्स्ट्रक्शन तयार गरी पक्षको समेत सहमती लिएर अन्य कुनै कानून व्यवसायीलाई सुम्पनुपर्छ ।

(ज) कानून व्यवसायीको कारणबाट अदालतमा पक्ष वा विपक्षको प्रतिनिधित्व हुन नसकी पक्ष वा विपक्षलाई परेको क्षतिको जवाफदेही सम्बन्धित कानून व्यवसायी माथि रहनेछ ।

७. मूल नियमावलीको नियम १५ मा संशोधनः मूल नियमावलीको नियम १५ को उप-नियम (९) पछि देहायको उप-नियम (१०) र (११) थपिएका छन् :–

(१०) कानून व्यवसायीले झगडियाबाट कागजातहरू बुझी लिंदा रीत पूर्वकको भरपाई गरी दिनुपर्छ र सो कागजातहरू फिर्ता बुझाउँदा झगडियाबाट भरपाई गराई लिनुपर्छ ।

(११) कानून व्यवसायीले पारिश्रमिक लिंदा रीत पूर्वकको भरपाई गरी दिई त्यसको अभिलेख राख्नुपर्छ ।

८. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छ ।

२२. प्रमाणको नक्कलः (१) आफूले पाएको कानून व्यवसायीको प्रमाणपत्र हराए नासिए वा अन्य यस्तै कारण परी नक्कलको आवश्यक परेमा सम्बन्धित कानून व्यवसायीले देहायको विवरणसहित निवेदन दस्तूर बापत रू. ५।– सामेल राखी सर्वोच्च अदालत रजिष्ट्रार कार्यालयमा निवेदन दिनुपर्छः–

(क) बाबुको नाम :–

(ख) कानून व्यवसायीको नाम थर वतनः–

(ग) सर्वोच्च अदालतबाट प्राप्त कानून व्यवसायीसम्बन्धी प्रमाणपत्रको किसिम र मितिः–

(घ) प्रमाणपत्रको नक्कल आवश्यक पर्नाको कारणः–

(२) उप-नियम (१) बमोजिम परेको निवेदनमा रजिष्ट्रारबाट प्रमाणपत्रको नक्कल दिने आदेश भएमा देहायको प्रमाणपत्रको लागि देहायबमोजिमको दस्तूर बुझाई सम्बन्धित कानून व्यवसायीले सर्वोच्च अदालतबाट नक्कल प्राप्त गर्न सक्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) वरिष्ठ अभिवक्ताको रू. ४०।–
(ख) अधिवक्ताको रू. ३०।–
(ग) अभिवक्ताको रू. २०।–
(घ) अभिकर्ताको रू. १०।–

९. मूल नियमावलीको अनुसूची ३ र ४ मा संशोधनः मूल नियमावलीको अनुसूची ३ र ४ को सट्टा यसै साथ संलग्न अनुसूची ३ र ४ राखिएका छन्।

१०. खारेजः कानून व्यवसायी नियमावली, २०२५ को नियम २३, २४ र २५ खारेज गरिएका छन्।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३
(नियम ८ संग सम्बन्धित)

श्री ..................... मा चढाएको।

## वकालतनामा

सम्बत् २० ...... सालको ..................... नम्बर...
पक्षको नाम ......................
विपक्षीको नाम ......................

मुद्दाः–

उपरोक्त मुद्दामा .......... .......... भएको हुनाले र सो मुद्दा अन्तिम निर्णय नभएसम्म । उपस्थित हुन । वहस पैरवी गर्न । मेरो नाउँको म्याद बुझी लिन । तपाई ..................... लाई मैले कानून व्यवसायी राखेको हुनाले आजको मितिमा तपाईंको नाममा यो वकालतनामा लेखी दिएको छु । सो मुद्दा किनारा नभएसम्म यस मुद्दामा मलाई अहित हुने कुनै कुरा नगर्नु होला ।

मिति........... कानून व्यवसायी राख्नेको सही... ... ...

मञ्जूरी

तपाईं श्री ..................... ले उपरोक्त व्यहोराको वकालतनामा मलाई दिनु भएकोले पक्षका तर्फबाट उपरोक्त मुद्दामा । उपस्थित हुन । वहस पैरवी गर्न । म्याद सूचना बुझी तपाईंलाई खबर गर्न । मेरो मञ्जूरी छ सो मुद्दा किनारा नलागेसम्म यस मुद्दामा तपाईंलाई अहित हुने कुनै कुरा गर्ने छैन ।

मिति ...............

वरिष्ठ अधिवक्ता
अधिवक्ता
अभिवक्ता
अभिकर्ता
प्रमाणपत्र संख्या



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

अनुसूची–४

(नियम ११ (१) संग सम्बन्धित)

१. अधिवक्ताको लागि लिइने परीक्षासम्बन्धी पाठ्यक्रम

यस परीक्षामा जम्मा १००–१०० अङ्कको सातपत्र रहनेछन्। प्रथमपत्रको समय साढे एक घण्टाको सातौंपत्रको समय चार घण्टाको र बाँकी पत्रको समय तीन तीन घण्टाको रहनेछ।

(१) प्रथमपत्र: सामान्य ज्ञान (वस्तुगत) — १०० अङ्क

(क) विश्वसम्बन्धी (वर्तमान घटना एवं विकास)– — २० अङ्क

(ख) नेपाल अधिराज्यसम्बन्धी– — २० अङ्क
(भौगोलिक, आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक र वर्तमान घटना एवं विकाससम्बन्धी सामान्य ज्ञान)

(ग) पञ्चायतसम्बन्धी– — २० अङ्क
(पञ्चायतको वर्तमान ढाँचा र त्यसको बिभिन्न अङ्ग)

(घ) कानूनसम्बन्धी– — ३० अङ्क
(नेपाल कानूनको विकास र वर्तमान स्थिति)

(२) दोस्रोपत्र: कार्यविधि कानून — १०० अङ्क

(क) मुलुकी ऐन भाग २ अदालती बन्दोबस्तको महल र दण्ड सजायको महल– — ३० अङ्क

(ख) प्रमाण ऐन, २०३१ – — २० अङ्क

(ग) अञ्चल तथा जिल्ला अदालत नियमावली, क्षेत्रीय अदालत नियमावली र सर्वोच्च अदालत नियमावली– — २० अङ्क

(घ) संक्षिप्त कार्यविधि ऐन– — १० अङ्क

(ङ) सरकारी मुद्दासम्बन्धी ऐन र नियमावली– — १० अङ्क

(च) कोर्ट फि ऐन– — १० अङ्क

(३) तेस्रोपत्र: मुलुकी ऐन र प्रशासकीय कानूनहरू — १०० अङ्क

खण्ड (क)

(१) मुलुकी ऐन भाग ३ सम्पूर्ण– — २० अङ्क

(२) मुलुकी ऐन भाग ४ र भाग ५ सम्पूर्ण– — २० अङ्क

खण्ड (ख)

(१) न्याय प्रशासनसम्बन्धी ऐनहरू– — ३० अङ्क

(क) सर्वोच्च अदालत ऐन, २०१९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) न्याय प्रशासन सुधार ऐन, २०३१
(ग) राजश्व न्यायाधीकरण ऐन, २०३१
(घ) विशेष अदालत ऐन, २०३१

(२) पञ्चायत तथा सामान्य प्रशासनसम्बन्धी ऐनहरू– ३० अङ्क
(क) स्थानीय प्रशासन ऐन, २०२८
(ख) भ्रष्टाचार निवारण ऐन, २०१७
(ग) गाउँ पञ्चायत ऐन, २०१८
(घ) नगर पञ्चायत ऐन, २०१९
(ङ) जिल्ला पञ्चायत ऐन, २०१९

(४) चौथोपत्रः संवैधानिक कानून र कानून व्याख्याको सिद्धान्त– १०० अङ्क
(क) नेपालको संविधान– ३० अङ्क
(ख) संयुक्त अधिराज्यको संविधान– २० अङ्क
(ग) संयुक्त राज्य अमेरिकाको संविधान– २० अङ्क
(घ) कानून व्याख्याको सिद्धान्त– ३० अङ्क

(५) पाँचौंपत्रः समन्यायका सिद्धान्तहरू (Principle of equity) र ज्यूरिष्पुडेन्स (Jurisprudence) १०० अङ्क
(क) हिन्दू ल ४० अङ्क
(ख) ज्यूरिष्पुडेन्स– ६० अङ्क

(६) छैठौंपत्रः अन्तर्राष्ट्रिय कानून र नजीरहरू १०० अङ्क
(क) पब्लिक इन्टरनेशनल ल– ४० अङ्क
(ख) प्राइभेट इन्टरनेशनल ल– ४० अङ्क
(ग) नजीरहरू– २० अङ्क
(१) २०३१ सालको दे. फु. नं. १०१–२०३१ ने. का. प. १६६ कौशिल्या उपाध्यायनी विरूद्ध देवकुमारी उपाध्यायनी।
(२) २०२६ सालको दे. फु. नं. ७६–२०३० ने. का. प. ३०२ मुनिलाल गोल्छा मारवाडी विरूद्ध धनचन्द्र राईसमेत।
(३) २०३० सालको स्पेशल नं. ११५२–२०३० ने. का. प. २८६ अम्बरबहादुर पाण्डे क्षेत्री विरूद्ध नरबहादुर पाण्डे क्षेत्री।
(४) २०२६ सालको रि. फु. नं. ४०–२०३१ को ने. का. प. ३७५ अजिमुल्ला मुसलमान विरूद्ध भूमिसुधार अधिकारीसमेत ।
(५) २०२८ सालको दे. फु. नं. १३२–२०२६ ने. का. प. ३१० विष्णुरमण उप्रेती विरूद्ध राजेश्वरीदेवी उपाध्यायसमेत।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) २०२९ सालको दे. फु. नं. १८५–२०३१ ने. का. प. ५० यावनिधि तिवारी विरूद्ध हिरण्यगर्भकुमारी तिवारीसमेत ।

(७) २०२३ सालको दे. फु. नं. ७३–२०२९ ने. का. प. ३६६ कुँवरइन्द्रप्रसाद नारायणसिं विरूद्ध राजमाता बसन्त कुँवरनी ।

(८) २०२४ सालको फौ. फु. नं. ५७०–२०२८ ने. का. प. २०८ हिरापासी विपक्षी श्री ५ को सरकार ।

(९) २०२४ सालको फौ. फु. नं. १५७–२०२८ ने. का. प. ३९५ बाबुलाल थापा मगर विरूद्ध गजवीर थापा मगरसमेत ।

(१०) २०२५ सालको रि. नं. ३३३–२०२९ ने. का. प. २०५ गोविन्दनाथ कुर्मी विरूद्ध श्री ५ को सरकार गृ. पं. मं. सचिव ।

(११) २०२५ सालको फौ. वि. नं. २६–२०२९ ने. का. प. १४७ श्री ५ को सरकार विरूद्ध मकरध्वज बस्नेत क्षेत्री ।

(१२) २०२९ सालको दे. फु. नं. १७७–२०३० ने. का. प. १७१ बिलटसिंह राजपुत विरूद्ध ललितप्रसाद सिंह राजपुत ।

(१३) २०२७ सालको दे. फु. नं. १२९–२०२९ ने. का. प. २९३ रमाकेतन ढुङ्गाना विरूद्ध मिठुमैयाँ ढुङ्गाना ।

(१४) २०३० सालको दे. फु. नं. १००–२०३२ ने. का. प. गुठी संस्थान विरूद्ध नरेन्द्रविक्रम सिंह थापा ।

(१५) २०२९ सालको फौ. फु. नं. २६–२०३२ ने. का. प. १६१ खेचरबहादुर बिष्ट विरूद्ध डोलबहादुर बिष्ट ।

(१६) २०२१ सालको दे. फु. नं. २९५–२०२२ ने. का. प. १४७ स्यामकृष्ण प्रधान विरूद्ध अम्बरकुमारी ।

(१७) २०२७ सालको दे. फु. नं. १४६–२०३१ ने. का. प. ६२ ज्ञानमान डङ्गोल विरूद्ध बाबुकाजी महर्जन ।

(१८) २०३१ सालको दे. फु. नं. १२–२०३२ ने. का. प. ८९ रामहरि भन्ने तारानाथ विरूद्ध दशरथ खड्कानाथसमेत ।

(१९) २०२८ सालको रि. फु. नं. ३९–२०२९ ने. का. प. २९९ रामचरण साहुतेली विरूद्ध जि. भू. सु. का. सप्तरी ।

(२०) २०२५ सालको फौ. फु. नं. २५–२०२६ ने. का. प. २९४ शिवधारी थारूको सकार गर्ने दानावती थरूनी विरूद्ध हिक्मतबहादुर थापासमेत ।

(७) सातौंपत्रः मुद्दासम्बन्धी मिसिल र कानून व्यवसायसम्बन्धी ज्ञान १०० अङ्क

(क) मुद्दासम्बन्धी मिसिल– ६० अङ्क

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(मुद्दासम्बन्धी मिसिलबाट कुनै एक पक्षको मुद्दा छोटकरी टिपोट टिपी बहस नोट लेख्नु पर्ने)।

(ख) कानून व्यवसायसम्बन्धी– ४० अङ्क
(नेपाल कानून व्यवसायको विकास र वर्तमान स्थिति)

२. अभिवक्ताको लागि लिइने परीक्षासम्बन्धी पाठ्यक्रम

यस परीक्षामा जम्मा १००।१०० अङ्कको पाँचपत्र रहनेछ । प्रथमपत्रको समय साढे एक घण्टाको, पाँचौंपत्रको समय चार घण्टाको र बाँकी पत्रहरूको समय तीन । तीन घण्टाको रहनेछ ।

(१) प्रथमपत्रः सामान्य ज्ञान (वस्तुगत)– १०० अङ्क

(क) विश्वसम्बन्धी (वर्तमान घटना एवं विकास)– ३० अङ्क
(ख) नेपाल अधिराज्यसम्बन्धी– ४० अङ्क
(भौगोलिक, आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक र वर्तमान घटना एवं विकाससम्बन्धी सामान्य ज्ञान)
(ग) पञ्चायतसम्बन्धी– ३० अङ्क
(पञ्चायत वर्तमान ढाँचा र त्यसको बिभिन्न अङ्ग)

(२) दोस्रोपत्रः कार्यविधि कानून १०० अङ्क

(क) मुलुकी ऐन भाग २ अदालती बन्दोबस्तको महल र दण्ड सजायको महल– ३० अङ्क
(ख) प्रमाण ऐन– ३० अङ्क
(ग) अञ्चल तथा जिल्ला अदालत नियमावली, क्षेत्रीय अदालत नियमावली र सर्वोच्च अदालत नियमावली – २० अङ्क
(घ) कोर्टफि ऐन, सरकारी मुद्दासम्बन्धी ऐन र नियमावली र संक्षिप्त कार्यविधि ऐन– २० अङ्क

(३) तेस्रोपत्रः नेपाल संविधान र मुलुकी ऐन १०० अङ्क

(क) नेपालको संविधान– ४० अङ्क
(ख) मुलुकी ऐन भाग ३ सम्पूर्ण– ३० अङ्क
(ग) मुलुकी ऐन भाग ४ र ५ सम्पूर्ण– ३० अङ्क

(४) चौथोपत्रः विविध कानूनहरू १०० अङ्क

(क) न्याय प्रशासनसम्बन्धी– २० अङ्क
(१) सर्वोच्च अदालत ऐन, २०१९
(२) न्याय प्रशासन सुधार ऐन, २०३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) राजश्व न्यायाधीकरण ऐन, २०३१
(४) विशेष अदालत ऐन, २०३१

(ख) पञ्चायत तथा सामान्य प्रशासनसम्बन्धी– ३० अङ्क
(१) स्थानीय प्रशासन ऐन, २०२८
(२) सार्वजनिक सुरक्षा ऐन, २०१८
(३) भ्रष्टाचार निवारण ऐन, २०१७
(४) गाउँ पञ्चायत ऐन, २०१८
(५) जिल्ला पञ्चायत ऐन, २०१९
(६) नगर पञ्चायत ऐन, २०१९

(ग) करसम्बन्धी कानूनहरू– २० अङ्क
(१) अन्तःशुल्क ऐन, २०१५
(२) भन्सार ऐन, २०१९
(३) आय कर ऐन, २०३१
(४) आय टिकट दस्तूर ऐन, २०१९

(घ) विविध– ३० अङ्क
(१) नागरिक अधिकार ऐन, २०१२
(२) भूमिसम्बन्धी ऐन, २०२१
(३) भूमि प्रशासन ऐन, २०२४
(४) करार ऐन, २०२४
(५) नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१०

(५) पाँचौंपत्रः मुद्दासम्बन्धी मिसिल नजीर र कानूनी सिद्धान्तहरू १०० अङ्क

(क) मुद्दासम्बन्धी मिसिलबाट कुनै एक पक्षको मुद्दाको छोटकरी टिपोट टिपी बहस नोट लेख्नु पर्ने– ६० अङ्क

(ख) केही नजीरहरू– २० अङ्क

(१) २०३१ सालको दे. फु. नं. १०१–२०३१ ने. का. प. १६९ कौशिल्या उपाध्यायनी विरूद्ध देवकुमारी उपाध्यायनी ।

(२) २०२६ सालको दे. फु. नं. ७९–२०३० ने. का. प. ३०२ मुनिलाल गोलछा माडवारी विरूद्ध धनचन्द्र राईसमेत ।

(३) २०३० सालको स्पेशल नं. ११५२–२०३० ने. का. प. २८९ अम्बरबहादुर पाण्डे क्षेत्री विरूद्ध नरबहादुर पाण्डे क्षेत्री ।

(४) २०२९ सालको रि. फु. नं. ४०–२०३१ ने. का. प. ३७५ अजिमुल्ला मुसलमान विरूद्ध भूमिसुधार अधिकारीसमेत ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) २०२८ सालको दे. फु. नं. १३२–२०२९ ने. का.प. ३१० विष्णुरमण उप्रेती विरूद्ध राजेश्वरीदेवी उपाध्यायसमेत ।

(६) २०२९ सालको दे. फु. नं. १८५–२०३१ ने. का. प. ५० यावनिधि तेवारी विरूद्ध हिरण्यगर्भ कुमारी तेवारीसमेत ।

(७) २०२३ सालको दे. फु. नं. ७३–२०२९ ने. का. प. ३६६ कुँवरइन्द्रप्रसाद नारायण सिंह विरूद्ध राजमाता बसन्त कुँवरनी ।

(८) २०२४ सालको फौ. फु. नं. ५७०–२०२८ ने. का. प. २०८ हिरापासी विपक्षी श्री ५ को सरकार ।

(९) २०२८ सालको दे. फु. नं. १५७–२०२८ ने. का. प. ३९५ बाबुलाल थापामगर विरूद्ध गजवीर थापा मगरसमेत ।

(१०) २०२५ सालको रि. नं. ३३३–२०२९ ने. का. प. १०५ गोविन्दनाथ कुर्मी विरूद्ध श्री ५ को सरकार गृ. पं. मं. सचिव ।

(११) २०२५ सालको फौ. वि. नं. २६–२०२९ ने. का. प. १४७ श्री ५ को सरकार विरूद्ध मकरध्वज बस्नेत क्षेत्री ।

(१२) २०२९ सालको दे. फु. नं. १७७–२०३० ने. का. प. १७१ बिलटसिंह राजपुत विरूद्ध ललितप्रसाद सिंह राजपुत ।

(१३) २०२७ सालको दे. फु. नं. १२९–२०२९ ने. का. प. २९३ रमाकेतन ढुङ्गाना विरूद्ध मिठुमैयाँ ढुङ्गाना ।

(१४) २०३० सालको दे. फु. नं. १००–२०३२ ने. का. प. ४३ गुठी संस्थान वि. नरेन्द्र विक्रमसिंह थापा ।

(१५) २०२९ सालको फौ. फु. नं. २६–२०३२ ने. का. प. १६१ खेचरबहादुर बिष्ट विरूद्ध डोलबहादुर बिष्ट ।

(१६) २०२१ सालको दे. फु. नं. २९५–२०२२ ने. का. प. १४७ श्यामकृष्ण प्रधान विरूद्ध अम्बरकुमारी ।

(१७) २०२७ सालको दे. फु. नं. १४६–२०३१ ने. का. प. ६२ ज्ञानमान डङ्गोल विरूद्ध बाबुकाजी महर्जन ।

(१८) २०३१ सालको दे. फु. नं. १२–२०३२ ने. का. प. ८९ रामहरि भन्ने तारानाथ विरूद्ध दशरथ षडगनाथसमेत ।

(१९) २०२८ सालको रि. फु. नं. ३९–२०२९ ने. का. प. २९९ रामचरण साहुतेली विरूद्ध जि. भू. सु. का. सप्तरी ।

(२०) २०२५ सालको फौ. फु. नं. २५–२०२६ ने. का. प. २९४ शिवधारी थारूको सकार गर्ने दानावती थरूनी विरूद्ध हिकमतबहादुर थापासमेत ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग, केही कानूनी सिद्धान्तहरू– २० अङ्क

१. न्याय दिन ढीलो गर्नु न्याय दिन इन्कार गर्नु हो ।
२. शङ्काको लाभ अभियुक्तले पाउँछ ।
३. अपराधीका साथै अपराध मर्दछ ।
४. अदालतमा आउँदा सफा हात लिई आउनु पर्छ ।
५. आफ्ना मुद्दामा आफैले न्याय दिन नहुने ।
६. आफ्नो हकभन्दा बढी हस्तान्तरण गर्न नसक्ने ।
७. अपराधी छुट्न एक निरपराध व्यक्ति नफसोस ।
८. न्याय गर्ने मात्र हैन न्याय गरे जस्तो पनि देखिनुपर्छ ।
९. आफ्नो हक संरक्षण गर्न जागरूक नरहनेलाई अदालतले मद्दत गर्न सक्तैन ।
१०. कानूनको अनभिज्ञता क्षम्य हुँदैन ।

द्रष्टव्यः माथि लेखिएका नेपाल कानूनहरू परीक्षा हुनुभन्दा ६ महीना अघिसम्म भएका संशोधन र खारेजीको परिणाम संशोधन वा खारेज भएको रूपबाट नै यस पाठ्यक्रममा समावेश भएको मानिनेछ ।

## अभिकर्ताको लागि लिइने परीक्षासम्बन्धी पाठ्यक्रम

यस परीक्षामा जम्मा सय सय अङ्कको तीनपत्र रहनेछ । प्रथमपत्र साढे एक घण्टाको र अन्य पत्रको लागि समय तीन । तीन घण्टा रहनेछ ।

१. प्रथमपत्रः सामान्य ज्ञान (वस्तुगत) १०० अङ्क

(क) विश्वसम्बन्धी– ३० अङ्क

(ख) नेपाल अधिराज्यसम्बन्धी– ४० अङ्क

(भौगोलिक, आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक र वर्तमान घटना एवं विकाससम्बन्धी सामान्य ज्ञान)

(ग) पञ्चायतसम्बन्धी– ३० अङ्क

पञ्चायत वर्तमान ढाँचा र बिभिन्न अङ्ग

२. दोस्रोपत्रः कार्यविधि कानून १०० अङ्क

(क) मुलुकी ऐन भाग २ अदालती बन्दोबस्तको महल र दण्ड सजायको महल– ४० अङ्क

(ख) प्रमाण ऐन– ३० अङ्क

(ग) कोर्टफि ऐन, सरकारी मुद्दासम्बन्धी ऐन र नियम– १५ अङ्क

(घ) संक्षिप्त कार्यविधि ऐन र अञ्चल तथा जिल्ला अदालत नियमावली– १५ अङ्क

४ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. तेस्रोपत्रः नेपाल ऐन । कानून– १०० अङ्क

(क) मुलुकी ऐन भाग ३ कागज जाँचको महल, जमानी गर्नेको महल, जग्गा मिच्नेको महल, लोग्नेस्वास्नीको महल, अंश बण्डाको महल, स्त्री अंश धनको महल, लेनदेन व्यवहारको महल, रजिष्ट्रेशनको महल र धर्मपुत्रको महल– ३० अङ्क

(ख) मुलुकी ऐन, भाग ४ किर्ते कागजको महल, लुटपीटको महल, कुटपीटको महल, ठगीको महल, आगो लगाउनेको महल, चोरीको महल, ज्यानसम्बन्धीको महल, जिउ मास्ने बेच्नेको महल, जबरजस्ती करणीको महल, विहावरीको महल र अदलको महल– ३० अङ्क

(ग) भ्रष्टाचार निवारण ऐन र नियम, सार्वजनिक सुरक्षा ऐन, नेपाल कानून व्याख्यासम्बन्धी ऐन, भूमिसम्बन्धी ऐन र नियम भूमि प्रशासन ऐन र नागरिक अधिकार ऐन– २० अङ्क

(घ) नेपालको संविधान– २० अङ्क

द्रष्टव्यः–माथि लेखिएका नेपाल कानूनहरू परीक्षा हुनुभन्दा ६ महीना अघिसम्ममा भएका संशोधन र खारेजीको परिणाम संशोधन वा खारेज भएको रूपबाट नै यस पाठ्यक्रममा समावेश भएको मानिने छ ।

आज्ञाले–
षडानन्दप्रसाद उपाध्याय
रजिष्ट्रार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।